**मिति २०७८ असार २४ गते (वि.सं. २०७८।३।२४) बिहिबार तुलसीपुर उपमहानगरपालिकाको ११९औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ बजेट तथा कार्यक्रम मिति २०७८।३।१० गते प्रस्तुत भए बमोजिमं नै पारितका लागि आगामी नगरसभमा पेश गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

लोकमणि बिल्डर्स प्रा.लि. तुलसीपुर उपमहानगरपालिका २ लाई तुलसीपुर उपमहानगरपालिकाले नियमानुसार लागने राजश्व रु. ४,२३,८४०। (चारलाख त्याईस हजार आठ सय चालिस मात्र) लिई ग्वारखोला मलवारे बांध क्षेत्रबाट १५०० घनमिटरं नदिजन्य पदार्थ उत्खनन गरी योजना स्थल सम्म ढुवानी गर्न अनुमति दिएकोमा स्थानीयको अवरोधका कारण तोकिएको मात्रामा उत्खनन कार्य गर्न नपाएपछि प्राबिधिक सहितको स्थानीय अनुगमन समितिको टोलिले स्थलगत नापजांच गर्दा तहांबाट ११० घनमिटर नदिजन्य पदार्थ उत्खनन भएको भिन प्रतिवेदन दिएको र लोकमणि बिलडसं प्रा.लि.ले नदिजन्य पदार्थ संझौता बमोजिम उत्खनन गर्न नपाएकोले उक्त प्रा.लि. ले यस तुलसीपुर उपमहानगरपालिकामा जम्मा गरेको राजश्व फिर्ता गर्न सम्बन्धीत समितिको निर्णय सहित सिफारिस भई आएकोले उक्त लोकमणि बिल्डर्स प्रा.लि. तुलसीपुर उपमहानगरपालिका २ लाइ रु.३,९२,७५८। (तीन लाख बयानब्बे हजार सातसय अन्ठाउन्न रुपैया मात्र) फिर्ता दिने निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर बहुउद्देश्यीय भवनको प्रारम्भीक वातावरणीय. प्रतिवेदन पारितका लागि तुलसीपुर उपमहानगंरपालिका आई.ई.ई. पुनरावलोकन समितिको मिति २०७८।३।२२ गते बसेको बैठकबाट सिफारिस भएकोले तुलसीपुर बहुउद्देश्यीय भवनको प्रारम्भीक वातावरणीय प्रतिवेदन सवीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगंरपालिका भित्र नक्सापास नगरी निर्माण गरिएका पक्कि घरहरलाई नक्सापासको दायरामा लयाउनका लागि पटक पटक म्याद सहित जानकारी गराउदा हालसम्म पनि केहि घरहरु अभिलेखिकरणको दायरामा नआएको भनि सम्बन्धीत शाखाबाट जानकारी आएकोले घर अभिलेखिकरणको म्याद २०७९ असार मसान्त (आ.ब.२०७८/०७९) सम्म थप गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको भुमि सम्बन्धी नापजांच कार्यलाई तदारुकताका साथ अघि बढाउने सर्बसम्मत निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०७८ असार २४ गते (वि.सं. २०७८।३।२४) बिहिबार तुलसीपुर उपमहानगरपालिकाको ११९औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बस्ने मनिस चौधरी मिति २०७७।१२।२३ गते रा.५ प. १०२५ नं को मोटरसाईकलबाट दुर्घटनामा परी शारिरिक रुपमा असक्त भएको र उपचारको लागि निजको पारिवारीक अवस्था ज्यादै कमजोर भएकोले आर्थिक सहयोगको लागि वडा नं. १८ को सिफारिस बमोजिम रु. ५००००।( पचास हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

सुरक्षित आप्रवासन परियोजना(सामी)कार्यक्रमका सम्बन्धमा परियोजना व्यवस्थापन समितिको मिति २०७८।३।२२ गते बसेको बैठकका निर्णयहरु अनमोदन गर्ने साथै सामी परियोजनाका नीति संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान र तुलसीपुर उपमहानगरपालिकाबाट बिनियोजित बजेटका कार्यक्रमहरु यस उपमहानगरपालिका मार्फत सञ्चालन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निं. प्रमुख प्रशासकीय अधिकृत**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७२